**अनुसूची २**

(दफा ४ तथा अनुसूची-१ को भाग-१ सँग सम्बन्धित)


**चिशंखुगढी गाउँपालिका**

# स्थानीय राजपत्र

खण्डः ४ | संख्याः १८ | मितिः२०७८/०४/२६

**भाग-२**

**चिशंखुगढी गाउँपालिका**


---

## चिशंखुगढी गाउँ कार्यपालिका कार्यालयको
## सूचना
## चिशंखुगढी गाउँपालिका कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७८


**कार्यपालिकाबाट स्वीकृत मितिः२०७८/०४/२६**

**राजपत्रमा प्रकाशित मितिः २०७८/०४/२६**


**प्रस्तावनाः**

गाउँपालिकालाई प्राप्त हुने समानीकरण, विशेष, सशर्त एवं समपुरक अनुदानबाट कार्यान्वयन हुने गाउँपालिकाको बार्षिक रुपमा स्वीकृत भई कार्यान्वयन गर्नुपर्ने योजना तथा कार्यक्रमहरुबाट नियमानुसार कट्टा गरी हुन आउने कन्टिन्जेन्सी रकमलाई व्यवस्थित, प्रभावकारी तथा उपयुक्त एवं मितव्ययी तरिकाले खर्च गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरि कार्यपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम कन्टिजेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि, २०७८ रहेको छ।

ख. यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. उद्देश्यः**

कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि जारी गर्नुका मुख्य उद्देश्यहरु निम्नानुसार छन्।

क. योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी वापतको रकमलाई पारदर्शी र विधिवत रुपमा खर्च गर्न,

ख. दफा ३ मा उल्लेखित क्षेत्रहरुमा मात्र कन्टिजेन्सी वापतको रकम खर्च गर्न,

ग. कन्टिजेन्सी वापतको रकमलाई एकीकृत रुपमा लगत राखी सो को योजना कार्यान्वयनमा सुव्यवस्थित तवरले खर्च गर्न,

घ. भैपरी आउने खर्चको व्यवस्थापन गर्न,

ङ. कन्टिजेन्सी वापतको रकमको यथार्थपरक विवरण अभिलेखीकरण गर्न, आदि।

**३. कन्टिजेन्सी रकमको व्यवस्थाः**

गाउँपालिकाको वार्षिक स्वीकृत योजना तथा कार्यक्रमहरुको नियमानुसार कट्टा गरी हुन आउने रकमलाई एकीकृत गरी उक्त रकमलाई दफा २ मा उल्लेख भए बमोजिमका शीर्षकहरुमा मात्र खर्च गर्न सकिनेछ।

**४. खर्च गर्न सकिने क्षेत्रहरुः**

योजना तथा कार्यक्रमहरुको कन्टिजेन्सी कट्टा रकमलाई गाउँपालिकाले देहायका शीर्षकहरुमा मितव्ययी, पारदर्शी ढंगले खर्च गर्न सक्नेछ।

क. योजना अनुगमन तथा सुपरीवेक्षण एवं योजनासंग सम्बन्धित प्रशासनिक र वैठक भत्ता लगायत खाजा-खाना खर्च,

ख. योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक सामाग्री खरिद,

ग. योजना कार्यान्वयनका लागि आवश्यक पर्ने प्राविधिक कर्मचारी व्यवस्थापनमा लाग्ने खर्च,

घ. तत्काल कार्यान्वयन गर्न आवश्यक ठानिएका योजना तथा कार्यक्रमहरु,

ङ. गाउँपालिकाको निर्णय बमोजिम तोकिएको अन्य क्षेत्र,

च. लेखापरीक्षण सम्बन्धी खर्च,

छ. योजना तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमूखीकरण/तालिम/गोष्ठी कार्यक्रम संचालनमा लाग्ने खर्च,

ज. योजना तथा कार्यक्रमको अनुगमन तथा निरीक्षणका क्रममा भएको यातायात खर्च,

झ. स्थानीय तह वा अन्य निकायको योजना तथा कार्यक्रमको असल अभ्यासको सिको तथा अनुशरण गरी त्यस्ता असल अभ्यासलाई कार्यान्वयन गर्नका निमित्त गरिने अध्ययन तथा अवलोकन भ्रमण खर्च।

ञ. उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने कन्टिन्जेन्सी कट्टा गरिने योजना तथा कार्यक्रमहरुको हकमा १.५% ले हुन आउने कन्टिन्जेन्सी बापतको रकमबाट प्रशासनिक खर्च गर्ने प्रयोजनका लागि सम्बन्धित उपभोक्ता समितिलाई उपलब्ध गराउँदा हुने खर्च,

**५. कन्टिन्जेन्सी रकमको खर्च प्रकृतिः**

योजना तथा कार्यक्रमको कुल कन्टिजेन्सी रकम मध्ये प्रशासनिक (चालू) अधिकतम ५५ प्रतिशत र पूंजीगत अधिकतम ४५ प्रतिशतका दरले खर्च गर्न सकिनेछ।

**६. कन्टिन्जेन्सी रकम एकीकृत तथा खर्च प्रणालीः**

क. योजना तथा कार्यक्रमको कार्यान्वयनको सिलसिलामा कट्टा गरिने कन्टिन्जेन्सी बापतको रकम एकीन गरी खर्च प्रणालीलाई व्यवस्थित रुपमा लेखांकन गर्न गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत र लेखाको कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी कुमारी बैंक चिशंखुगढी स्थित सेर्ना शाखामा चिशंखुगढी गाउँपालिकाको कन्टिन्जेन्सी खर्च खाता सञ्चालन गरिनेछ। उक्त खर्च खातामा नियमानुसार कट्टा गरिने कन्टिन्जेन्सी बापतको रकम जम्मा गरी दफा (४) मा उल्लेखित खर्च गर्न सकिने क्षेत्रहरुमा खर्च गरिनेछ।

ख. गाउँपालिकाको वार्षिक स्वीकृत वजेट तथा संघीय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, विशेष तथा समपुरक अनुदान अन्तर्गतका योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी वापतको रकमलाई आर्थिक वर्षको शुरुमा नै एकीकृत रुपमा हिसाव गरी सो को लगत राखिनेछ। तर त्यस्ता योजना तथा कार्यक्रमको कन्टिन्जेन्सी वापतको रकम योजना तथा कार्यक्रमको कार्यान्वयन सँग-संगै वा सो पश्चात मात्र खर्च गरिने व्यवस्था मिलाइनेछ।

ग. यस कार्यविधिको दफा ४ को उपदफा (ञ) बमोजिम हुने खर्चका लागि उपभोक्ता समितिको हकमा १.५% ले हुन आउने रकम बराबरको विल भरपाइ एवं अन्य प्रमाणिक कागजातहरु समेत पेश गरेको खण्डमा सोही योजना तथा कार्यक्रमको अन्तिम भुक्तानीको बखत खर्च लेखी योजना तथा कार्यक्रमबाट नै सो बराबरको हिसाब मिलान गरी अन्तिम भुक्तानी दिईनेछ।

घ. यस कार्यविधिको दफा ४ को उपदफा (ञ) बाहेक खर्च गरिनेको हकमा कन्टिन्जेन्सी खर्च खाताबाट खर्च हुने गरी भुक्तानी दिईनेछ।

**७. थपघट, हेरफेर वा संशोधनः**

गाउँ कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट वा हेरफेर गरी संशोधन गर्न सक्नेछ।

**८. बाधा अडकाउ फुकाउने अधिकारः**

क. यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै बाधा अडकाउ परेमा सो फुकाउने अधिकार गाउँ कार्यपालिकाको हुनेछ ।

ख. तर प्रचलित ऐन, कानून, नियम र यस कार्यविधिको मुलभूत कुरालाई असर गर्ने गरी बाधा अडकाउ फुकाउने अधिकार प्रयोग गर्न सकिने छैन् ।

**९. यसै बमोजिम भए गरेको मानिनेः**

यो कार्यविधि स्वीकृत हुनु पूर्व योजना तथा कार्यक्रमहरुको कन्टिन्जेन्सी रकमबाट योजना कार्यान्वयनसंग सम्बन्धित भए गरेका क्रियाकलापहरु यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ ।

**आज्ञाले**
**ओम बहादुर दर्जी**
**प्रमुख प्रशासकीय अधिकृत**